# आर्थिक वर्ष २०७५/७६ को
# नीति तथा कार्यक्रम

**जुगल गाउँपालिका**

**सिन्धुपाल्चोक**

**३ नं. प्रदेश, नेपाल**

जुगल गाउँपालिकाको आ.व. २०७५/७६ को नीति योजना तथा कार्यक्रम

गाऊँसभाका सभाध्यक्ष ज्यु
कार्यपालिका सदस्य ज्युहरू
गाँउसभाका सदस्यज्युहरू
कर्मचारी साथीहरू
तथा उपस्थित सम्पुर्ण महानुभावहरू,
नेपालमा संघीय प्रणालीको कार्यन्वयनको चरणमा हामी जुगल गाँउपालिकाको चौथो गाउँसभा शुभारम्भ गर्न गइरहेका छौ । यस ऐतिहासिक घडीमा गरिमामय सभा समक्ष सम्बोधन गर्न पाउँदा म अत्यन्त हर्षित छु । आजको यो संघीय लोकतान्त्रिक प्रणालीको जगमा उभिरहदा लोकतान्त्रिक गणतन्त्र प्राप्ति लगाएतका विभिन्न आन्दोलनमा जीवन उत्सर्ग गर्ने ज्ञात अज्ञात सम्पूर्ण महान् शहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।

स्थानीय तह निर्वाचन पश्चात गठन भएको स्थनीय सरकारले कार्य गर्न थालेको एक वर्ष पुरा भएको छ । यस बीचमा हाम्रा सिकाइ र परिपक्वता वीचको सन्तुलन मिलाउदै उचित परिणामका लागि हामीले सकेको मेहेनत र प्रयास गर्यौं । यद्यपी कतिपय श्रोत साधन, कार्य अनुभव, संरचनाको अभाव, ऐन, नियम कार्यविधि निर्माण तथा अनुमोदनका प्रक्रियागत जटीलता, कर्मचारी अभाव लगायतका विविध समस्या हाम्रा सामु खडा भए । यस बीचमा हामीले सम्पन्न गरेका कार्य र उपलब्धीले भने हामीलाई उत्साह जगाएको छ ।

मानव विकास सुचकांकमा पछाडी रहेको यस गाउपालिकाको वृहत्तर विकासका लागि हाम्रा सामु चूनौतीका पहाड छन् तर यो संगै प्राकृतिक स्रोत, साधन तथा मानवीय तत्परता सहितको हामीसंग सम्भावनाका प्रचुरता पनि छन् । यिनै चूनौती र सम्भावनाको सन्तुलनलाई कायम राख्दै समृद्ध जुगलको यात्रामा लामबद्ध हुनु आजको आवश्यक्ता हो ।

अब म यस सम्मानित गाउँसभा समक्ष गाउँपालिकाले एक वर्षको अवधिमा प्राप्त गरेका क्रियाकलाप र उपलब्धीको बिवरण संक्षेपमा यस सम्मानित सभामा पेश गर्ने अनुमति चाहन्छु ।

क. निजी आवास पूननिर्माण

- २०७२ बैशाख १२ को विनासकारी भूकम्प पश्चात भत्किएका निजी आवास निर्माणलाई प्राथमिकतामा राखेर कार्य गरियो । भुकम्पमा परेर जुगल गाँउपालिकामा पूर्ण रूपमा क्षती भएका घरहरू मध्ये ५४७७ घरधुरी लाभन्वीतको सूचीमा थिए । गुनासोहरूका सम्बोधनका क्रममा एक वर्षका बीचमा १०८ जना थप भै हाल कुल लाभन्वीत संख्या ५५८५ छन । अझै केही वास्तविक पिडितहरू लाभग्राहीको सूचीमा पर्न सकेको छैन । वास्तविक पिडितको गुनासो सम्बोधन गर्ने कामलाई मूल प्राथमिकतामा राखिनेछ ।

- निजी आवास तथा सार्वजनिक भवन निर्माण तिव्र गतिमा अगाडी बढेको छ । खास गरि स्थानीय सरकार गठन पश्चात हामीले त्यसको अगुवाइ गरि जनतालाई पूननिर्माणमा पूर्ण परिचालन गर्ने कार्य गयौं । बाँकी रहेका संरचना यस आ.व.मा सम्पन्न गर्ने गरि कार्ययोजना तयार गरिएको छ ।
- हालसम्म निजी आवास तर्फ पहिलो किस्ता प्राप्त गर्ने घरधुरी ५४६३, दोस्रो किस्ता प्राप्त गर्ने ५००० र अन्तिम किस्ता प्राप्त गर्ने घुरधुरी १०५८ छन् । बनिसकेका धेरै घरहरूले अन्तिम किस्ता र पाउन योग्यले दोश्रो किस्ता पाएका छैनन । बनिसकेकाले छिट्टै किस्ता प्राप्त गर्ने वातावरण निर्माण गर्नु हाम्रो मुख्य दायित्व हो ।
- पूननिर्माणलाई सघाउन तथा निर्माण सामाग्रीको सहज ढुवानीका लागि वस्ती तथा टोल स्तरमा सडकले जोड्ने काम गरिएको छ ।

ख. संस्थागत क्षेत्र

- ऐन, नियमावली, कार्यविधि जस्ता १८ वटा कानूनहरू निर्माण गरि कार्यन्वयनको चरणमा छन् ।
- गाउँपालिकाको वेवसाइट निर्माण गरि पालिकाकाका कार्यहरू, ऐन, नियम तथा कानुनी दस्तावेजहरूलाई प्रकासन तथा अध्यावधिक गर्न शुरू गरिएको छ ।
- सवै वडाहरूमा वडा कार्यलय स्थापना गरि गाउपालिका र वडा कार्यालयको व्यवस्थापन सुधार गरिएको छ ।
- अस्थायी तथा करारमा शिक्षक कर्मचारी छनौटमा पारदर्शी पद्धतीको स्थापना भएको छ । यसको सन्देश प्रवाह जुगल बाहिर अन्य विभिन्न जिल्लामा समेत पुगेको छ ।
- गाउपालिकाको कार्यालय, सबै वडा कार्यालय, सबै स्वास्थ्य केन्द्रहरू, सबै माध्यमिक विद्यालयहरूमा इन्टरनेट सुविधा उपलब्ध भएका छन् ।
- गाउ कार्यपालिका कार्यलय, वडा कार्यालयहरू, स्वास्थ्य चौकीहरू, माध्यमिक विद्यालयहरूमा विद्युतीय हाजिरि मेशीन जडानको काम अन्तिम चरणमा पुगेका छन् ।

ग. शिक्षा क्षेत्र

- संविधान र कानून वमोजिम आधारभुत तथा माध्यमिक शिक्षा ऐन र नियमावली २०७४ तयार गरि लागु गरिएको छ । यी कानून मुलुककै स्थानीय तथहरूमध्ये पहिलो कानून हो ।
- जुगललाई व्यवस्थित र गुणस्तरीय शैक्षिक क्षेत्रका रूपमा विकासका लागि जुगल शैक्षिक सम्मेलन मार्फत विज्ञहरूका राय तथा शैक्षिक मुद्धाहरूलाई उजागर गरिएको छ ।
- विद्यालयका आवश्यक्ताका आधारमा विद्यालय मर्जको काम शुरूवात गरिएको छ ।
- शिक्षक दरवन्दी मिलान र थप विद्यालय मर्जको प्रक्रिया अन्तिम चरणमा पुगेको छ ।
- सबै माध्यमिक तहका विद्यालयहरूमा इन्टरनेट प्रविधि जडान गरि सेवा सुचारू गरिएको छ ।
- सबै माध्यमिक विद्यालयहरूमा विद्युतीय हाजिरि मेशीन जडानको काम अन्तिम चरणमा पुगेका छन् ।

- शिक्षक प्रोत्साहनका कार्यक्रम शुरू गरिएको छ ।
- शिक्षाको सर्वांगीण पक्षलाई ध्यान दिने अभियान अन्तर्गत विद्यालयमा खेलकुद विकासका लागि पालिका स्तरमा खेलकुद शिक्षकको व्यवस्था गरिएको छ ।
- शिक्षा विकास र सुधारका अभियानमा जुगलभित्रका शिक्षक प्रतिनिधिहरू समेत परिचालित गर्ने नीति कार्यन्वयन भएको छ ।
- लामो समय शिक्षक दरवन्दी रिक्त रहने परिपाटीको अन्त्य गरि अस्थायी करार सूची प्रकाशन गरिएको छ ।

घ. सडक तर्फ

- ढाडे कात्तिके तेम्बाथान सडकको स्तरोन्नतीको महत्वपूर्ण कार्य अन्तर्गत सडक चौडा फराकिलो गर्ने काम तिब्रत्तर रूपमा अघि बढेको छ । यो निर्माणको कामले जनताहरूमा ठूलो उत्साह पैदा गरेको छ ।
- वडा नं. १ र २ जोडने आरूबोटे शेरा बैकुण्ठे सडक, वडा नं. १ को शेरा मानेडाडा बासखर्क सडक, वडा नं. २ को खुन्दुर्का भिमसेन माबि. गोल्चे सडक, वडा नं. ३ को गोण्डेगाउ पाङ्गार्पुर बोल्दे सडक, वडा नं. ४ को सुनखोला घुङ्गा पाङताङ गोल्ची सडक, वडा नं. ४ र ५ जोड्ने ढाडे बराम्ची गोल्ची गुम्बा सडक, वडा नं. ५ को सिस्नेरी चनौटे वाङगुजे सडक, ढाडे विप्लुङ हुदै वडा नं. ६ र ७ जाने सडक स्तरोन्नती भएका छन् ।
- वडा नं. १ मा बासिम्ले महधिर धारापानी, घुन्सा च्यामेगाउ चेपे सडक, फापगाउ छिपु का ँले सडक, लचेङ सिङबाङ्खे सडक, काल्चे बडहरे सडक, देउराली आले कुनेगाउ सडक गरि करीब १५ किमी, वडा नं. २ गोल्चे निम्लुङ सडक, बगर निम्लुङ सडक, सुकुलिङ नाम्फा सञ्चगाउ सडक, इन्टेक देउरालीडाडा लिदी सडक, गोल्चे यार्सा सिन्दुर्चे जाने बाटो गरि करीब १६ किमी, वडा नं. ३ मा बोल्दे गुम्बा क्याङसीङ अम्बखर्क सडककरीब १४ किमी, वडा नं. ४ मा पाकु पाङताङ सडक, गोल्ची गोलु सडक र घुङ्गा (साविकको वडा नं. ९) बराम्ची गरि करीब १० किमी, वडा नं. ५ मा मजुवा कैजले कुम्भेश्वर सडक, गणेशखोला आदामारा देबीथान सडक, पोखरे खाङराल भेडाबारी बराम्ची सडक, डबली च्यानडाडा सडक, डबली च्यानडाडा बाबीचौर सडक, सिस्नेरी बुढाथोकीटोल चनौटे सडक, लुइन गोङासे सडक, सानो भिरगाउ वामराङ सडक, बराम्ची दोमङपोखरी सडक गरि करीब ३० किमी, वडा नं ६ मा बिसिंखर पाटीचौर घुम्थाङ सडक, हाप्रा दोमङपोखरी सडक, पाङराङ गुम्बा सिप्दाथाङ सडक, घिचे जिङमा सडक, बिसिंखर बोकल खोला काल्चे सडक, खानीडाडा पोङलोङ सुर्कु सडक गरि करीब १४ किमी सडकको नया ट्र्याक खोलिएको छ । यसरी यो आर्थिक वर्षमा लगभग ९९ कि.मी. नया सडक थपिएको छ ।
- वर्षादले बिगारेका सडकहरू दशै अघि नै खुलाउन गाउपालिकाले नेतृत्वदायी र प्रभावकारी

भूमिका निर्वाह गर्‍यो ।

- ढाडे खोलाको सडक पुलको निर्माणको काम मध्य तिर पुगेको छ ।
- ढाडे बासिम्ले (बलेफी खोला) र सुनखोलामा २ वटा मोटरेबल पुल डिपीआर तयार भै निर्माणको चरणमा प्रवेश भएको छ ।

ङ. विद्युत विकास तर्फ

- जुगलको जलश्रोत क्षेत्रको समुचित विकासका लागि जलविद्युत सम्भाव्यता अध्ययन गरि गुरूयोजना तयार गरिएको छ । गाउँपालिका आफैले निर्माणका लागि अनुमति प्रदान गर्न सक्ने १२ वटा साना जलविद्युत आयोजनाको सम्भाव्यता अध्ययन गरिएको छ ।
- निर्माणधीन जलविद्युत परियोजनाहरूमा स्थानीय जनताहरूको शेयर सुनिश्चितताको लागि वहस, पैरवी गरिएको छ । एउटा निश्चित विधि निर्माण गरि शेयर प्राप्त गर्ने चरणमा छौ ।
- वडा नं. २, ३, ४ र ५ का विभिन्न वस्तीहरूमा विद्युत प्रसारण लाईन विस्तारका काम अगाडि बढाइएको छ । वडा नं. ७ मा काठको पोललाई पूर्णतः विस्थापन गरी स्टील पोल राख्ने काम सम्पन्न गर्ने अन्तिम चरणमा पुगिएका छन् । सोही वडामा नाङ्गो तारलाई कालो तारले विस्थापन गर्ने योजना कार्यन्वयनको चरणमा छ । अन्य वडाहरूमा पनि स्टिल पोलले काठको पोल विस्थापन गर्ने अभियान तिब्र गतिमा बढेको छ । हाम्रो आˆनै श्रोत, जि.स.स.र नेपाल विद्युत प्राधिकरणका श्रोतबाट सात सय भन्दा बढि स्टील पोल, बिसौं हजार मीटर विद्युत तार र अन्य सामग्रीहरू जुगल भित्रिएका छन् ।
- गाउ कार्यपालिकाको कार्यालय, सबै वडा कार्यालयहरू, सबै स्वास्थ्य चौकीहरू र सबै माध्यमिक विद्यालयहरूमा १२०० वाटको सोलार सिस्टमको व्यवस्था गरिएका छन् । त्यसै गरि विद्युतको राष्टिय प्रसारण लाइनबाट वञ्चित वडा नं. २, ३ र ४ का सबै घरधुरीमा १० वाटको सोलार टुकी वितरणको काम भएका छन् ।

च. सञ्चारको क्षेत्र

- जुगलको सीमित क्षेत्रमा घाम लागेको वेला मात्र मोबाइल नेटवोर्क उपलब्ध थियो । चालु आर्थिक वर्षको अन्त्य तिरसम्ममा जुगलका करीब ९५% भन्दा बढि वस्ती क्षेत्र मोबाइलको नेटवर्क भित्र समेटिएका छन् । नयाँ नमस्ते नेटवर्कको लागि टावर निर्माणको काम भएका छन् ।
- गाउ कार्यपालिकाको कार्यालय, सबै वडा कार्यालयहरू, सबै स्वास्थ्य केन्द्रहरू र सबै माध्यामिक विद्यालयहरूमा इन्टरनेट सुविधा पुगेका छन् ।

छ. न्याय क्षेत्र

- न्यायिक समितिबाट न्यय सम्पादनको कार्यलाई व्यवस्थित वनाउने प्रयास गरिएको छ ।
- विवाद न्युनिकरणका लागि मेलमिलापलाई बढावा दिइ न्याय प्रदान गर्ने कार्य गरिएको छ ।

- स्थानीय स्तरमा उठेका सम्पत्ती विवाद तथा बैदेसिक रोजगारी संबन्धि मुद्धाहरू मध्ये ९ वटा देवानी प्रकृतिका विवाद समाधान गरिएको छ ।

. ज. स्वास्थ्य क्षेत्र

- स्वस्थ्य संवेदनशील क्षेत्र भएकोले सबै स्वास्थ्य चौकीहरूमा १२०० वाटको सोलार सीस्टम जडान भएका छन् ।
- सबै स्वास्थ्य चौकीहरूमा इन्टरनेट सेवा उपलब्ध भएको छ ।
- औषधीको आपूर्तिलाई प्राथमिकता दिएर ओषधी संकट समाधान गरिएको छ ।
- गाउपालिकाको लागि एउटा एम्बुलेन्स नेपाली भन्सारमा भित्रीसकेको छ ।
- स्वास्थ्य सम्बन्धी मेशिनरी औजारहरू वितरणको व्यवस्था मिलाइएको छ ।
- वडा नं. ६ र ७ मा स्वास्थ्य चौकी नभएकोले भवन निर्माणको काम सम्पन्न भएको छ ।
- दरवन्दी रिक्त रहेको स्वास्थकर्मीको पदपूर्ती गरिएको छ ।

गाउँपालिकाको दीर्घकालिन सोच, लक्ष्य, उद्देश्य

- ✓ सोच

पर्यटन, जलस्रोत, कृषि र जडिबुटीमा व्यवसायिकता : समृद्ध जुगल निर्माणमा हाम्रो सहभागिता

- ✓ लक्ष्य

जुगल गाउँपालिकामा परम्परागत रूपमा चल्दै आएका चालचलन, कला, संस्कृतिको संरक्षण, संबर्द्धन र पवर्द्धन गर्दै पर्यटनको विकास गरिनेछ । पर्यटन विकास कै लागि प्राकृतिक स्रोत साधनहरू हिमाल, वन जंगल, झरना, खोलानाला, पोखरीको प्रचार प्रसार गरिनेछ । कृषि एवम् साना घरेलु उद्योग, रोजगारीमूलक ब्यवसायलाई बढावा दिईनेछ । सुरक्षित र गतिशील आर्थिक विकास केन्द्रको रूपमा विकास गरिनेछ । उपलब्ध जडीबुटीबाट लाभको वातावरण बनाउदै व्यावसायिक खेतीलाई प्रोत्साहन गरिनेछ ।

- ✓ उद्धेश्यः

गाउँपालिकामा रहेको विद्यमान वेरोजगार, वहुआयामिक गरीवी र असमानता घटाई सामाजिक आर्थिक रूपान्तरण गर्ने ।

यस आ.व. २०७५/७६ को लागि तय भएका प्राथमिकताका क्षेत्रहरूः-

- भौतिक पूर्वाधारहरूको स्तर उन्नती एवं निर्माण कार्यमा जोड । व्यापक दुर्गमताका कारण सडक निर्माण तथा स्तरोणतिलाई मूख्य प्राथमिकता ।
- आर्थिक विकास र गरिवी निवारणमा जोड
- मानविय विकास, शिक्षा, स्वास्थ्य र सरसफाईमा जोड

- कृषि, पशु, वन, वातावरण र पर्यटनको प्रवर्द्धन र विकासमा जोड
- स्वच्छ पारदर्शि र जनमैत्री सार्वजनिक सेवामा जोड
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा जोड
- लैंगिक समानता, सामाजिक समावेशीकरणमा जोड
- राजस्व परिचालनमा योगदान पु¥याउनु
- दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा जोड
- आर्थिक, सामाजिक एवं शासकीय सुधारमा जोड

योजना तर्जुमाका आधारहरू :

- नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकारको सूची,
- नेपालको संविधानमा उल्लेखित मौलिक हकहरू,
- नेपालको संविधानको भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग,
- वातावरण सम्बन्धी नीतिहरू, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्य प्रणाली,
- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्यविस्तृतिकरणको प्रतिवेदन,
- संघीय तथा प्रदेश सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएको नीति तथा प्राथमिकताहरू,
- संघीय सरकारले अवलम्वन गरेका आर्थिक तथा वित्तीय नीतिहरू,
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरू,
- स्थानीय सरकार संचालन ऐन २०७४ का प्रावधानहरू,
- विकासका समसामयिक मुद्दाहरू जस्तै सामाजिक संरक्षण, दीगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थान, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास,
- बाल मैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खुला दिसामुक्त तथा पूर्ण सरसफाई, उर्जा संकट लगायतका अन्तर सम्बन्धित विषयहरू,
- स्थानीय तहको मध्यकालिन खर्च संरचना अनुरूप प्राथमिकतामा परेका कार्यक्रमहरू, स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरू ।

आ.व. २०७५/७६ को लागि गाउँपालिकाको समग्र विकास नीतिहरू यस प्रकार हुनेछन् ।

पूर्वाधार तर्फ

- जुगल गाउँपालिकाको आबधिक योजना आ.ब.०७५/०७६ मा निर्माण गरीनेछ ।
- पूर्वाधार तर्फका योजनामा सडकतर्फ साना टुक्रे वजेटका योजना निरूत्साहित गरिनेछ ।
- उपभोक्ता समितिबाट पूर्वाधार सम्बन्धी योजनाहरू शुरू गर्नु भन्दा अगाडी उपभोक्ता समितिका पदाधिकारीहरूलाई वडा तथा गाउपालिकाबाट अभिमुखीकरण तालिम प्रदान गरिनेछ ।

सडक तर्फ :

- जुगल गाउँपालिकाको स्थानीय पूर्वाधार व्यवस्थापन ऐन २०७५ ले व्यवस्था गरे बमोजिमको स्थानीय सडकहरूको मापदण्ड निर्धारण गरि कडाइका साथ लागु गरिनेछ ।
- गाउँपालिका यातायात गुरूयोजना ९ःगलष्अष्उबष्तिथ त्वबलकउयचत ःबकतभच एबिल० लाई आ.व.२०७५।०७६ मा तयार गरी स्वीकृत गरिनेछ ।
- ढाँडे कात्तिके तेम्बाथान सडकलाई गाउँपालिकाको गौरवको योजनाको रूपमा मानी निजी क्षेत्र र समुदायको समेत साझेदारीमा आगामी आ.व. भित्रै तेम्बाथान सडक पुर्‍याइनेछ ।
- ढाँडे जिरो किलोदेखि यसैवर्षदेखि फराकिलो पार्ने र कालोपत्रे गर्ने कार्यको शुरूवात गर्न आवश्यक वजेट विनियोजन गरिनेछ । कालोपत्रे गर्ने कार्यमा प्रदेश सरकार र संघीय सरकारमा सम्पुरक कोष उपलब्ध गराइदिन गाउँपालिकाले उक्त रकम सम्पुरक कोषमा विनियोजन गरिनेछ ।
- गाउँपालिकाबट सवै वडा केन्द्रसँग सडक संजालमा जोडिने गरि आवश्यक कार्य गरिनेछ उक्त सडकहरूलाई बाह्रै महिना चल्न सक्ने गरी मर्मत सम्भार एवं स्तरोन्नती गर्न आवश्यक वजेट विनियोजन गरिनेछ ।
- साघुँरा सडकलाई खुल्ला र फाराकिलो वनाई सडकको मापदण्ड वनाई सोही बमोजिम निर्माण कार्य अगाडी वढाईनेछ ।

विद्युत तथा उर्जा तर्फ :

- "जुगलको पानी जनताको लगानी" भन्ने नाराका साथ १ मेघावाट क्षमतासम्मका आयोजना निर्माणको लागि जुगलकै नागरिकको लगानीलाई प्रोत्साहित गर्न आवश्यक नीति र योजना निर्माण गरिनेछ । यस कार्यका लागि सार्वजनि, नीजि, सहकारी सहकार्य (Public, Private, Cooperative Partneship PPCP) अवधारणा लागु गरिनेछ ।
- जुगल क्षेत्रलाई प्रदेश नं. ३ कै जलविद्युत हव (केन्द्र) को रूपमा विकास गर्न संघीय र प्रदेश सरकारसँगको समन्वयमा आवश्यक नीति निर्माण गर्ने तथा लगानीमैत्री वातावरण निर्माण गरिनेछ ।

- निजीक्षेत्रबाट संचालित जलविद्युत आयोजनाहरूमा स्थानीय समुदायको अधिकतम शेयर लगानीलाई सुनिश्चित गराउन आवश्यक सहजिकरण गरिनेछ ।
- संघीय राजधानीको नजिक जुगल क्षेत्रमा धेरै प्रकारका निर्माण भैरहेका र निर्माणको सम्भावना रहेका जलविद्युत आयोजनाहरू रहेकोले यस क्षेत्रलाई जलविद्युत अध्ययन केन्द्रको रूपमा विकास गरिनेछ । जलविद्युतसँग सम्बन्धित अध्ययन अनुसन्धान गर्न चाहाने विश्वविद्यालय, अनुसन्धान केन्द्र तथा व्यक्तिहरूलाई सहजरूपमा अध्ययन अनुसन्धानका लागि उपयोगी वातावरण तथा पूर्वाधार निर्माण गर्न पहल गरिनेछ ।
- राष्ट्रिय प्रसारण लाइनले नछुएका वस्तीहरूमा प्रसारण लाइन विस्तार गर्ने तथा काठको पोललाई फलामे पोलले विस्थापन गर्नेगरी वजेट विनियोजन गरिनेछ ।
- राष्ट्रिय प्रसारण लाइनले नछुएसम्म जतासँगको सहलगानीमा कयबिच उबलभ ि जडान गरिनेछ ।

संरचना/पुर्वाधार निर्माण तर्फ :

- वडा कार्यालय र गाउँपालिका केन्द्रको भवन निर्माण गर्नको लागि तोकिएको बमोजिम जग्गा प्राप्ती गर्ने र भवन निर्माण कार्यलाई अगाडि बढाईने छ ।
- भूकम्प पछिको पुर्ननिर्माण कार्यलाई आगामी आ.व. मा सम्पन्न गर्नेगरी समुदाय परिचालन गरिनेछ । आगामी वर्षलाई पुनर्निमाण सम्पन्न वर्षको रूपमा लिइनेछ ।
- भुकम्प प्रतिरोधात्मक संरचना निर्माण कार्य सार्वजनिक तथा निजि क्षेत्रमा कडाईका साथ मापदण्ड तयार गरि लागु गरिने छ ।
- निजी तथा सार्वजनिक भवन निर्माण गर्दा संघीय सरकारद्धारा जारी भवन निर्माण मापदण्डहरू, स्थानीय सरकार संचालन राष्ट्रिय भवन संहिता र वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन २०७२ ले निर्देशन गरे अनुसार नक्सा पास गर्ने र भूकम्प प्रतिरोधात्मक भवन निर्माण कार्य गर्ने कार्यलाई जोड दिईनेछ ।

कृषि तथा पशु विकास सम्बन्धि

- आलु खेतीलाई अर्गानिकिकरण र व्यवसायिकता प्रदान गरिनेछ । "जुगलको अर्गानिक आलु" को नामबाट ब्रण्डिङ गरि वजारिकरण गरिनेछ ।
- चिया खेतीको सम्भाव्यता अध्ययन गरी स्थानीय र बाह्य लगानीलाई प्रात्साहित गरिनेछ ।
- जडिवुटी खेतीलाई सामुदायिक वन, कवुलियती वन तथा निजी जग्गामा व्यवसायिक रूपमा खेती गर्न निजी/सामुदायिक/सार्वजनिक साझेदारी ९एएएऋए :यमभ० नीति अवलम्बन गरिनेछ ।

- विद्यमान जडिबुटीहरूको उत्पादनलाई निरन्रता दिई थप सार्वजनिक तथा नीजि जग्गामा व्यवसायिक रूपमा जडिबुटी खेती गर्न आवश्यक सीप प्रदान तथा लगानी मैत्री कार्यक्रम तर्जुमा गरिनेछ ।
- हिमाली भेगमा पाइने खर्सुको चिया र मध्य भेगमा पाइने निउँरो जस्ता जुगलका स्थानीय प्राकृतिक उत्पादनहरूको वजारीकरण गरी जुगलको आम्दानीको स्रोतको रूपमा विकास गरिनेछ ।
- जुगललाई दुध, मासु तथा तरकारी जन्य उत्पादनमा आत्मनिर्भर बनाउने तर्फ जोड दिइनेछ । प्रत्येक घरः एक करेसावारी, व्यावसायिक पशुपालनलाई पर्बर्द्धन गर्न आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ ।
- हिमाली क्षेत्रमा व्यवसायिक भेडा, तथा चौरी पालनलाई प्रोत्साहन गर्न पशुस्वास्थ्य, वीमा, चरण क्षेत्र, खर्क र गोठहरूको व्यवस्थापन, उत्पादनमा आधुनिक प्रविधिको प्रयोग र उत्पादनको वजारीकरणमा आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ ।
- युवाहरूलाई कृषिमा आकर्षण गराउन युवा लक्षित कृषि कार्यक्रम संचालन गरिने छ ।
- पकेट क्षेत्रको रूपमा कम्तिमा एक वडा तथा वस्ती एक आयोजना/कार्यक्रम संचालनमा जोड दिईने छ ।
- दिगो कृषि विकास, जैविक विविधता, प्राकृतिक स्रोत तथा वातावरण संरक्षण बिच सन्तुलन कायम राख्ने नीति लिईने छ ।
- कृषि प्रसार सेवालाई प्रभावकारी बनाउन कृषि सेवा केन्द्र र सम्पर्क केन्द्रहरूलाई सुदृढीकरण र व्यवस्थित गरि प्राविधिकहरू र ग्रामिण कृषि कार्यकर्तालाई पनि परिचालन गरिने छ ।
- रासायनिक मलको आयात प्रतिस्थापनार्थ भकारो सुधार कार्यक्रम संचालनमा विषेश जोड दिईने छ ।
- साना सिंचाई कार्यक्रम संचालन गरिने छ ।
- पशुजन्य उत्पादनको लागत मूल्य घटाउनुको साथै स्वस्थ्य पशुपालन प्रणालिको विकास गर्न घांस विकास कार्यक्रम प्राथमिकताका साथ संचालन गरिनेछ ।
- ट्राउट लगायत चिसोपानीमा हुने अन्य जातका माछाहरूको व्यवसायिक उत्पादनको लागि निजी क्षेत्रलाई प्रोत्साहन गर्ने कार्यक्रम तर्जुमा गरिनेछ ।
- कृषकहरूमा सिप हस्तान्तरणद्धारा आधुनिक पशुपालन पद्धतिको विकास गर्दै लैजाने कार्यमा जोड दिईने छ ।
- दलित, जनजाति, महिला तथा विपन्न वर्गमा विशेष प्राथमिकताको साथ कार्यक्रम लैजाने नीति लिइनेछ ।
- कृषि तथा पशुपालन क्षेत्रको विकासमा कृषक समूह/समिति/सहकारी/गैर सरकारी संस्था/टोल सुधार समिति र गाउँपालिकाबीच साझेदारी गरिनेछ ।

सिंचाई तर्फ :

- "व्यवसायिक खेतीको लागि सिंचाई" भन्ने नाराका साथ व्यवसायिक खेती गर्ने प्रतिबद्धता र योजना सहित आएका आयोजनाहरूमा वजेट विनियोजन गरिनेछ ।
- भैरहेको साना सिंचाई आयोजनाहरूलाई मर्मत सम्भार गर्दै नयाँ प्रविधिमा आधारित सिंचाई आयोजनाको कार्यान्वयनमा जोड दिईने छ ।
- सिंचाई सुविधा पुगेका खेती योग्य जमिन पनि बाँझो राख्नेलाई अभिलेख तयार गरि जरिवाना गर्ने नीति लिइनेछ ।
- कृषि विकासका लागी सिचांई सुविधा अभिवृद्धि गर्ने कार्य संचालन गरिनेछ ।

घरेलु तथा साना उद्योग तर्फ :

- स्थानीय सीप, श्रोत, साधन एवं प्रविधिको प्रयोगलाई बढवा दिई व्यवसायिक उत्पादन तर्फ अग्रसर गराउने कार्यक्रम संचालन गरिनेछ । लघु, घरेलु तथा साना उद्यमीलाई मझौला तथा ठूला उद्योगहरूको सहयोगी उद्यमका रूपमा विकास गर्न सहजिकरण गरिनेछ ।

पर्यटन तर्फ :

- जुगल हिमालको आगामी आर्थिक वर्ष भित्र प्रथम आरोहण गराउन आवश्यक पहल गरिनेछ ।
- काठमाडौंको सबैभन्दा नजिक करिब १४७ कि.मि. दुरीमा रहेको जुगल हिमालको वेशक्याम्पसम्म पुग्न पेमाशालबाट केवलकार निर्माणको लागि नेपाल सरकार र निजी क्षेत्रसँगको साझेदारीमा सम्भाव्यता अध्ययन यसै आर्थिक वर्षमा शुरू गरिनेछ । केवलकारटबाट ओर्लेर हिउँ खेल्न पाउने अनुपम अनुभव लिन पाउँने यस योजनाबाट पर्यटन विकासमा टेवा पुग्ने अपेक्षा लिइएको छ ।
- डल्ले पोखरी, दोमङ पोखरी लगायतका पोखरीहरू, गणेश झरना .लगायतका झरनाहरूको, साङलुङको अमिलो तथा नुनिलो पानी जस्ता प्राकृतिक सौन्दर्यहरूको संरक्षण, प्रचार प्रसार र प्रवर्द्धन गरिने कार्यक्रमहरू तर्जुमा गरिनेछ ।
- गाउँपालिका भित्र रहेका ऐतिहासिक एवं सांस्कृतिक महत्वका धरोहरहरूको खोजी पहिचान एवं संरक्षण र संवर्द्धन गर्ने तर्फ जोड दिईनेछ ।
- पर्यटन प्रबर्द्धनको लागि वृत चित्र, पर्यटन प्रोफाइल, व्रोसर तथा वुलेटिन जस्ता प्रचारात्मक सामाग्रीहरू तयार गरी प्रकाशन गरिनेछ ।
- जलविद्युत तथा जडिबुटी पर्यटनलाई प्रबर्द्धन गरिनेछ ।

सहकारी

- सहकारी संस्था सम्वन्धि गाउपालिको ऐन कार्यान्वय र नियमन गरिनेछ । सहकारी सम्वन्धि डेस्क स्थापना गरी दर्ता, अनुमति, अनुगमन मूल्यांकन खारेजी र विघटनको व्यवस्था गरिनेछ ।
- सहकारी सम्वन्धि राष्ट्रिय , केन्द्रीय विषयगत, प्रादेशिक र स्थानीय संघ सस्थासंग समन्वय र सहकार्य गरिनेछ । सहकारी सम्वन्धि स्थानीय तथ्यांकको व्यवस्थापन गरी सहकारीमा

सुधारको लागि सरोकारवालाको समेतको सहभागितामा स्थानीय पूजी संकलन र परिचालनमा जोड दिइनेछ ।

- सहकारी क्षेत्रको प्रवर्द्धन र परिचालन गर्न विशेष कार्यक्रम ल्याई सहकारी संस्थाको प्रर्वद्धन र विकासमा जोड दिइनेछ । विभिन्न आयमुलक कार्यमा जोड्नका लागि महिला सहकारी, कृषक सहकारी , लघुउद्यम सहकारी गठन गर्न प्रोत्साहन गरी यस्ता संस्थाको संचालनमा गाउपालिकाबाट विशेष सहयोग गरिनेछ । सहकारी संस्थाको अनुगमन तथा मूल्यांकन प्रणालीलाई व्यवस्थित गरिनेछ ।

- विभिन्न सामुदायिक संस्थाका रूपमा तथा बचत कोषका रूपमा संचालनमा रहेका साना समुहहरूलाई सहकारी संस्थामा आवद्ध गरि बैधानिक रूपमा संचालनका लागि प्रोत्साहन गरिनेछ ।

शिक्षा सम्बन्धि:

- गाउँपालिकाको आयोजनामा २०७४ फागुन ७ गते भएको शैक्षिक सम्मलेनमा विभिन्न क्षेत्र तथा व्यक्तिहरूबाट प्राप्त सुझावहरूलाई शिक्षा क्षेत्रको नीति तथा कार्यक्रम तर्जुमाको प्रकृयामा मार्गदशनको रूपमा लिइएको छ ।
- विद्यालयलाई लैगिकमैत्री, बालमैत्री, अपाँगमैत्री बनाउँदै शान्ती क्षेत्रको रूपमा विकास गरिनेछ ।
- विद्यालयमा आवश्यक न्यूनतम पूर्वाधारको विकासको व्यवस्था मिलाइनेछ ।
- विद्यालय भन्दा बाहिर रहेका वालवालिकाहरूलाई अनिवार्य रूपमा विद्यालयमा ल्याउन र टिकाइरहन प्रोत्साहनका कार्यक्रम संचालन गरिनेछ ।
- शिक्षण पेशालाई विशिष्ट रूपमा स्वीकार गर्दै गाउँपालिकाका सबै शिक्षकलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- शिक्षक विद्यार्थी अनुपातको आधारमा विद्यालय मर्ज तथा शिक्षक दरवन्दी मिलान गरिनेछ ।
- विद्यालय शिक्षामा स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिनेछ ।
- विद्यालय व्यवस्थापनका समग्र पक्षमा सुधार ल्याई बालमैत्री पक्षमा जोड दिईने छ ।
- सार्वजनिक तथा सामुदायिक विद्यालयको मर्मत सुधार, भौतिक विकास सम्बन्धी कार्यक्रममा सहयोग पुऱ्याईने छ । यसका लागि पूर्वाधार निर्माण एवं सुधार, शिक्षक, परिक्षा प्रणालीमा सुधार लगायत सचेतना अभिवृद्धि लगायतका कार्यक्रम कार्यान्वयनमा ल्याईने छ ।

- शिक्षाको गुणस्तर बृद्धिका लागि कार्यसम्पादन करारको विधि लागु गरिनेछ । सूचकको आधारमा कार्यसम्पादन मूल्याँकन गरी उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यालय र विषय शिक्षकलाई पुरस्कृत गरिनेछ । कार्यसम्पादन मूल्याँकनको आधारमा कमजोर हुने विद्यालय र विषय शिक्षकलाई पहिलो वर्षलाई सुधारका कार्यक्रम संचालन गरिनेछ । गुण र दोषको आधारमा प्रोत्साहन र नसियतको नीति लिइनेछ ।
- प्राविधिक शिक्षा (कृषि, भेटेनरी, ओभरसियर) को पठनपाठनको लागि पूर्वाधार व्यवस्था गरिनेछ ।
- बालअधिकारको सुनिश्चितताका लागि विद्यालयमा बालक्लव गठन र परिचालन गर्न गैरसरकारी संस्थासँग सहकार्य गरिने छ । जसवाट बालबालिकाहरूको शिक्षामा पँहुच वढ्नुका साथै पढाईमा निरन्तरता गर्नमा मद्धत पुग्ने छ ।
- विद्यालय भौतिक निर्माण सुधार, शिक्षक तालिम र समुदाय सचेतना कार्यक्रमको माध्यमवाट विद्यालय वातावरणमा सुधार ल्याइ सामुदायिक सहभागिता र वातावरण संरक्षणमा सहयोग पुऱ्याईने छ ।
- अँग्रेजी भाषामा क्षमता अभिबृद्धि गर्न क्रमश अंग्रेजी माध्यममा अध्ययापनलाई प्रोत्साहन गर्दै लगिने छ ।
- गाउँपालिका भित्रमा व्यवसायिक प्राविधिक उच्च शिक्षालय स्थापनामा जोड दिईने छ ।

<u>स्वास्थ्य सम्बन्धी :</u>

- प्राथमिक तथा आधारभूत स्वास्थ्य सेवा गुणस्तरीय रूपमा निशुल्क प्रदान गरिने छ ।
- निशुल्क स्वास्थ्य सेवा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा स्वास्थ्य कर्मीहरूको सेवालाई नियमित र पहुँचयोग्य तुल्याईनेछ ।
- प्रतिरोधात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक, पुनर्स्थात्मक स्वास्थ्य सेवामा प्राथमिकता दिईनेछ ।
- सरूवा रोगहरू तथा एच.आई.भी. एड्स नियन्त्रण, रोकथाम गर्ने कार्यलाई अगाडि वढाइने छ ।
- आयुर्वेदिक सेवालाई विस्तार गर्दै जडिबुटि उत्पादन र प्रयोगमा प्रोत्साहन गरिने छ ।
- स्वास्थ्य पूर्वाधार, औषधी तथा स्वास्थ्य उपकरणको उपलब्धतामा बृद्धि गरिनेछ ।
- नवजात शिशु मृत्युदर, मातृमृत्युदर र वालमृत्युदरलाई घटाउन आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- स्वास्थ्य सेवामा नपुग जनशक्ति आपूर्तिमा जोड दिईने छ ।
- सवै स्वास्थ्य चौकीमा क्रमशः द्यष्वतजष्लन अभलतभच स्थापनाको व्यवस्था गर्दै लगिने छ ।
- गर्भवती माहिलाको स्वास्थ्य परीक्षणलाई प्रोत्साहन कार्यक्रम ल्याइनेछ । परीक्षणको सबै चक्र पुरा गर्ने गर्भवती महिलालाई एक क्रेट अण्डा वितरण गरिनेछ ।

बाल स्वास्थ्य सम्वन्धि नीतिहरू

- पुर्णखोप सुनिश्चितता वडा तथा गाउँपालिकाको अवस्थालाई कायम गर्दै हरेक वडाहरूमा खोपको अवस्थाको हरेक वर्ष समिक्षा गरिनेछ । साथै गाउँपालिका खोप दिवस मनाई पुर्ण खोपको अवस्थालाई हरेक वर्ष सुनिश्चित रहेको घोषणा गरिनेछ ।
- खोप कार्यक्रमलाई थप व्यवस्थित वनाउनको लागि खोपको सुक्ष्म योजना तर्जुमा कार्यलाई निरन्तरता दिइनेछ ।
- खोप केन्›हरूलाई व्यवस्थित गरिनेछ ।
- खोपको लागि प्रोत्साहन कार्यक्रम ल्याइनेछ । खोपको मात्रा पूरा गर्ने बालबालिकालाई सर्बोत्तम पिठो वितरण गरिनेछ ।
- स्वास्थ्य संस्थामा गएर प्रसुती सेवा लिनको लागि प्रोत्साहन कार्यक्रम ल्याइनेछ । यस्ता महिलालाई घिउ वितरण गरिनेछ ।
- हरेक स्वास्थ्य संस्थामा स्वास्थ्य शिक्षा कर्नर राखिनेछ र पोषीला खानेकुराको प्रदर्शन गर्ने र स्थानीय स्तरका पोषीला खानेकुराहरूको उपभोग वृद्धि गराउन आवश्यक शिक्षा, परामर्श दिइने व्यवस्था मिलाइने छ ।
- पांच वर्ष मुनिका वच्चाहरूको उपचार व्यवस्था कार्यक्रमलाई प्रभावकारी वनाइने छ ।

रोग नियन्त्रण कार्यक्रम

- समयानुकुल आइपर्ने रोगहरूको रोकथाम गर्न तथा सामना गर्न आवश्यक तयारी गरिने छ । महामारीको पुर्व तयारी तथा व्यवस्थापनको लागि प्रतिकार्य योजना बनाइ लागू गरिने छ ।
- सर्ने रोग तथा नसर्ने रोगको रोकथामको लागि आवश्यक कार्यक्रम संचालन गरिने छ ।
- महामारीको पुर्व तयारी तथा व्यवस्थापनको लागि आर. आर. टि. लाइ तयारी अवस्थामा राखिने छ साथै उक्त कार्यलाइ औषधी, खोप तथा स्वास्थ्य सम्वन्धि सामाग्रीहरू तयारी हालतमा राखिने छ ।
- डट्स विधिवाट उपचारात्मक पद्दतिलाई थप प्रभावकारी बनाइने छ । यसमा स्वास्थ्यकर्मीद्धारा गरिने प्रत्यक्ष निगरानी उपचार सेवालाई बढाइनेछ ।
- जटिल प्रकारका क्षयरोगहरूलाई समयमै पहिचान तथा व्यवस्थापनको लागि पहल गरिने छ ।
- कुष्ठरोगका विरामी तथा परिवारका लागि जनचेतनामूलक कार्यक्रम ल्याइनेछ ।

महिला स्वास्थ्य स्वंय सेविका कार्यक्रम

- म.स्वा.स्वं.से. हरूलाई स्वास्थ्यका सम्पूर्ण कार्यक्रमहरूमा समुदाय स्तरमा जनचेतना फैलाउने कार्यमा थप उत्प्रेरित गरिने छ ।

- वन्चितिकरणमा परेका समुदाय तथा सेवाग्राहीहरूको पहिचान गर्ने, सेवा निरन्तता गराउने, स्वास्थ्य आमा समुहलाई थप सुदृढीकरण गराउन म.स्वा.स्वं.से. हरूलाई थप उत्प्रेरित गरिनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई थप सक्रिय बनाउन र उनीहरूको कामलाई थप व्यवस्थित र प्रभावकारी बनाउनका लागि मासिक १५०० भत्ताको व्यवस्था गरिने छ । गाउपालिकाको स्वास्थ्य सम्बन्धी कार्यक्रममा सहभागिताका आधारमा मात्र सो रकमको भुक्तानी गरिनेछ ।
- ६० वर्ष पुरा भएका तथा अन्य कारणले सेवा प्रदान गर्न कठिन भएका म.स्वा.स्वं.से. हरूलाई स-सम्मान विदाइ कार्यक्रम राखिने छ ।

स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली

स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाइ प्रभावकारी वनाउन निम्न नीति तथा कार्यक्रमहरू अवलम्बन गरिने छ ।

- स्वास्थ्य संस्थाहरूवाट गरिने मासिक प्रतिवेदन पद्दतिलाई निरन्तरता दिइने छ
- म.स्वा.स्वं.से हरूको मासिक समिक्षालाई प्रभावकारी वनाइने छ साथै नियमानुसार उत्प्रेरणा गरिने छ ।
- स्वास्थ्य संस्था प्रमुखहरूको मासिक वैठक तथा समिक्षालाई निरन्तरता दिइने छ ।
- मासिक अनलाइन तथ्यां प्रवेष्टीकरण को लागि आवश्यक पर्ने इन्टरनेट सेवालाई प्रभावकारी बनाइनेछ ।
- स्वास्थ्य संस्थाहरूको नियमित अनुगमन तथा सुपरीवेक्षण कार्यलाई निरन्तरता दिइने छ ।
- स्वास्थ्य संस्थाहरूको तथा स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्दि वा तालिम गर्नका लागि स्वास्थ्य संस्थामै कोचिङको लागि सम्वन्धित निकायहरूसंग समन्वय गरिने छ ।

निशुल्क औषधि तथा भण्डारण कार्यक्रम

- स्वास्थ्य संस्थाहरूमा तथा वर्थिङ सेन्टरहरूको औजार उपकरणको खरीद तथा व्यवस्थापनको लागि उचित वजेट व्यवस्थापन गरिने छ ।
- आधारभूत स्वास्थ्य सेवाका लागि आवश्यक पर्ने तोकिएका निशुल्क औषधिहरूको उपलब्धतालाई सुनिश्चित गरिने छ । यसका लागि संघ, प्रदेश तथा अन्य निकायसंग समन्वय गरिनेछ ।
- गाउँपालिकाबाट स्वास्थ्य संस्थाहरूमा औषधि तथा अन्य सामाग्रीहरूको दुवानी व्यवस्था मिलाइनेछ ।

सामाजिक सुरक्षा, जेष्ठ नागरिक, महिला तथा बालबालिका सम्बन्धी :

- सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई सहज बनाइनेछ ।
- अधिकारमा आधारित विकास पद्धतिलाई आत्मसाथ गर्दै ७ वटै वडाका महिलाहरूलाई नेतृत्व एवं क्षमता विकासका तथा आर्थिक विकासका लागि सिपमूलक तालिम दिईने छ ।
- महिला शशक्तिकरणमा जोड दिई महिला हिंसा शुन्य गाउँपालिका बनाउने नीति अवलम्वन गरिनेछ ।
- बाल विवाहलाई निरूत्साहित गर्ने नीति लिईने छ ।
- राष्ट्रिय स्वास्थ्य विमा कार्यक्रमलाई प्रसार प्रसार गरी थप प्रभावकारी बनाइने छ ।
- विमितहरूको संख्या वृद्दि गर्ने खालका समुदायस्तरमा क्रियाकलापहरू संचालन गरिनेछ । ( घरदैलो कार्यक्रम, विमा दर्ता शिविरहरू)
- जेष्ठ नागरिकको रेखदेख , उपचार र सामाजिक सुरक्षा तथा यूवा जनशक्तिको वैदेशिक पलायनको उचित व्यवस्थापन अध्यान गरी स्थानीय स्तरमै रोजगारी सिर्जना गर्ने नीति लिइनेछ ।

अपाङ्गता तथा अन्य तर्फ :

- अपाङ्गता भएका व्यक्तिहरूको सामाजिक समावेशीकरण एवं सेवा प्राप्तिमा सहज पहुँचका लागि गाउँपालिकाका तथा वडाका सार्वजनिक, सरकारी कार्यालयहरूलाई क्रमशः अपाङ्गमैत्री बनाउदैं लगिनेछ ।
- जनजाति, दलित, द्धन्द पिडित, शहिद परिवार, आर्थिक सामाजिक रूपले पछाडिपरेको वर्ग तथा समुदायको हितको लागि लक्षित कार्यक्रम लगायत सीपमूलक र रोजगारीमूलक कार्यक्रम तर्जुमामा जोड दिईने छ ।

युवा तथा खेलकुद

- विद्यालय लक्षित खेलकुद र युवा लक्षित खेलकुद कार्यक्रमहरू आयोजना गरिनेछ । वडा स्तरमा र गाउँपालिकास्तरमा प्रतिस्पर्धात्मक खेलकुदका कार्यक्रम संचालन गरिनेछ ।
- प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप तथा खेलकुद शिक्षकको जिम्मेवारीको व्यवस्था गरिनेछ । पालिकास्तरमा खेलकुद प्रशिक्षक शिक्षक मार्फत सबै विद्यालयका खेलकुद शिक्षकहरूलाई प्रशिक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

वन, वातावरण तथा विपद् व्यवस्थापन :

- सवै सामुदायिक वन तथा कवुलियति वन उपभोक्ता समूहको संस्थागत सुशाशन, पारदर्शिता तथा लेखा व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।
- सामुदायिक वनको ब्यवस्थापन बाट प्राप्त काष्ठ तथा गैह्रकाष्ठ वन पैदावारमा आधारित उद्यमको सहज प्रवर्द्धन र विकास गरिने छ ।

- काष्ठ प्रशोधन उद्योग/फर्निचर उद्योग स्थापना गरी रोजगारीको श्रृजना गरिने छ ।
- सामुदायिक वन तथा निजी वनबाट उत्पादन भएका काष्ठ तथा गैह्रकाष्ठ वन पैदावारको मुल्य वृद्धि (Value Adition) गर्ने कार्यमा जोड दिइने छ ।
- दिगो वन ब्यवस्थापन गरी वनको समुचित सदुपयोग र सोबाट आर्थिक उपार्जन गरी समूहको जिविकोपार्जन सुधारमा लगानी गर्ने नीति लिइने छ ।
- कृषि वनको अवधारणलाई विकास गर्दे वनजन्य, फलफुल र जडिबुटि नर्सरी स्थापना गरिने छ ।

भू तथा जलाधार संरक्षण :

- भौतिक पुर्वाधार विकास कार्य गर्दा भू-क्षय तथा प्रकोभ न्यूनिकरण गर्न सम्वन्धित आयोजनामा न्यूनिकरणका योजना तथा कार्यक्रम समावेश गरी कार्यान्वयन गर्ने नीति लिइने छ ।
- ग्रामिण तथा कृषि सडक निर्माण गर्दा Bio-engineering पद्धति बाट कार्य संचालन गर्ने गरी स्थानिय आवश्यकता र भू-क्षयको प्रकोपलाई अध्ययन गरी सहमति दिने नीतिलागु गरीने छ ।
- सिमसार तथा पानी मुहान संरक्षणको लागि वोट विरूवाको संरक्षण, रोपण र ब्यवस्थापन कार्य संचालन गरिने छ
- वातावरणमा असर पार्ने उद्योग स्थापना गर्दा स्थानिय तहको सहमति लिइने र IEE/EIA गरी वातावरणीय प्राभाव न्यूनिकरणका कार्यहरू संचालन गर्नु पर्ने नीति अवलम्वन गरिने छ ।

विपद ब्यवस्थापन :

- वडा तथा गाउँपालिका स्तरमा विपद ब्यवस्थापन सम्वन्धि पुर्व योजना तयारी गरिने छ र सोको कार्यान्वयनको लागि सम्वन्धित सरोकारवाला निकायहरूसंग समन्वय गरी कार्य संचालन गर्ने नीति लिइने छ ।
- विपद् व्यवस्थापन कोष स्थापना गरिनेछ । कोष संचालन निर्देशिका जारी गरी सोही बमोजिम कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- स्थानीय जलवायु अनुकुलन योजना (LAPA) वनाइ कार्यान्वयन गरिने छ ।
- सार्वजनिक जग्गाको लगत तयार गर्ने तथा उचित व्यवस्थापनको लागि समग्र भु उपयोग नीति तर्जुमा गरिने छ । यसको लागि प्रारम्भिक चरणमा वडा अध्यक्ष मार्फत तथ्यांक संकलन कार्य गरिने छ ।

संस्थागत विकास, क्षमता विकास, सेवा प्रवाह र सुशासन :

- गाउँपालिकाको समग्र विकासका दीर्घकालिन योजना तयार गर्न पाँचवर्षे रणतीनिक योजना निर्माण कार्य आगामी आ.व. भित्रै सम्पन्न गरिनेछ । वार्षिक योजनालाई पाँचवर्षे रणनीतिक योजनामा समाहित गरिदै लगिनेछ ।

- गाउँपालिकाका विषयगत समितिहरूलाई कृयाशिल बनाईनेछ । विषयगत समिति संचालन सम्बन्धमा पदाधिकारीहरूलाई तालिमको प्रबन्ध गरिनेछ ।
- गाउँपालिकाको सेवा प्रवहालाई नतिजामा आधारित मूल्याँकन पद्धती लागु गर्न कार्यसम्पादन करार सम्झौता गरिनेछ । यसको लागि सूचकहरूको निर्माण गरी अध्यक्षले प्रमुख प्रासकीय अधिकृतसँग र प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुखबीच कार्य सम्पादन करारको सम्झौता गरि सेवा प्रवाहलाई थप जनमुखि एवं नतिजामूलक बनाईनेछ ।
- गाउँपालिका कार्यालयले धान्न सक्ने र नभई नहुने जनशक्तिको हकमा मात्र ऐन कानुनको परिधि भित्र रहि दरवन्दी निर्धारण गरिनेछ ।
- जुगल गाउँपालिका केन्द्र तथा सवै वडा कार्यालयमा नागरिक वडा पत्र राखि सेवाग्राहि प्रति उत्तरदायि बनाईने छ ।
- सवै वडा कार्यालयलाई सूचना मैत्री बनाई अनलाईन घटना दर्ता यथाशिघ्र थालनी गरिने छ ।
- लेखा, पञ्जिकरण, कर, लगाएत गाउँपालिकालाई आवश्यक पर्ने सफ्टवयर सञ्चालन कार्यलाई व्यवस्थित गरिनेछ ।
- गाउँपालिका भित्र संचालित योजना तथा कार्यत्रक्रको नियमित रूपमा अनुगमन तथा मुल्यांकन गरिने छ ।
- जलविद्युत आयोजना निर्माणको लागि सुरूङ निर्माण लागि आवश्यक पर्ने ब्लाष्टिङ गर्ने जनशक्ति उत्पादन गर्न ब्लाष्टिङ तालिम संचालन गरिनेछ । त्यसैगरी सेक्युरिटी गार्ड, ड्रिलर सम्बन्धी तालिम संचालन गरिनेछ । जसले गर्दा जलविद्युत आयोजना निर्माणको लागि स्थानीय स्तरमै दक्ष जनशक्ति निर्माण भई रोजगारी सृजना हुनेछ ।
- कार्यालयले आफै र आफ्नो मातहतका कार्यालयहरूमार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सामाजिक परिचालन, नागरिक वडापत्र, सुचनाको हकको प्रत्याभूति,पारदर्शिता, जवाफदेहिता, लगायतका कार्यहरूमार्फत सुशासन अभिवृद्धि गर्ने खालका कार्यहरूलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ ।
- गाउँपालिका क्षेत्रभित्र क्रियाशील गैर सरकारी संस्थाहरूको कार्यलाई व्यवस्थित गरी नतिजामूलक वनाउन र प्रभावकारी परिचालन गर्न गैसस परिचालन नीति वनाईनेछ । गैसस समन्वय समिति र डेक्स (NGO Desk) स्थापना गरिने छ ।

<u>राजश्व परिचालन तर्फ :</u>

- कर अनिवार्य दायित्व हो तिर्नुपर्दछ भन्ने चेतना (धारणा) जनस्तरसम्म पुर्‍याउन कर साक्षरता कार्यक्रम संचालन गरिनेछ ।
- कर संकलन छिटो छरितो सरल हुनेगरि सफ्टवेयर निर्माण गर्ने कार्यमा जोड दिईने छ ।
- संविधान र स्थानीय सरकार संचालन ऐन बमोजिम केन्द्रिय अनुदान र आन्तरिक आय क्षमता ७५/२५ प्रतिशतको रेसियोमा पुर्‍याउने लक्ष्यका साथ कर नीति, रणनीति र दायराको खोजि गरिने छ ।

- राजश्व परिचालनलाई प्रभावकारी वनाउन राजश्व शाखाको व्यवस्था गरि संस्थागत सुदृढिकरणका लागि आवश्यक श्रोत साधनको प्रवन्ध मिलाईने छ ।
- करको दायरामा चल्ने तथा गा.पा.लाई वढी कर तिर्ने व्यक्ति वा संस्थालाई सम्मान गरिने छ ।

गैर सरकारी संघसस्था

- गाउपालिकामा कार्यरत गैरसरकारी संघ/सस्था बिचको सहकार्य तथा समन्वय,सहजीकरण तथा व्यवस्थित वनाउनको लागि गाउपालिकामा गैरसरकारी संघ/सस्था समन्वय डेक्स (NGO Desk) स्थापना गर्ने
- गाउपालिका भित्र कृयाशिल गैरसरकारी संघ/सस्थामार्फत सञ्चालन हुने योजना तथा कार्यक्रमलाई थप प्रभाबकारी बनाउन पालिका स्तरीय अनुगमन संयन्त्र निमार्ण गरी अनुगमनको ब्यवस्था गरिनेछ
- गैरसरकारी संघ/सस्थाद्धारा गाउपालिकाभित्र सञ्चालित योजना तथा कार्यक्रमहरूको अर्धबार्षिक तथा वार्षिक मुल्यांकन तथा समीक्षा गरिनेछ ।
- गैर सरकारी संघ/संस्थावाट संचालन हुने योजना तथा कार्यक्रमलाई गाउपालिकाको वार्षिक योजना,कार्यक्रम तथा बजेटमा समावेश गर्दै लगिने छ ।
- गैर सरकारी संघ/संस्थासंग लागत साझेदारीमा समेत योजना तथा कार्यक्रम संचालन गर्नको लागि म्याचिब फण्डको व्यवस्था गरिनेछ । लागत साझेदारीमा समेत योजना तथा कार्यक्रम संचालन गरिनेछ ।
- यस गाउपालिकामा कार्यक्षेत्र भएका गैरसरकारी संघ/सस्थाको श्रोत नक्सांकन गरिनेछ ।

अन्त्यमा गाउँपालिकाको समग्र विकास र समृद्धिमा निरन्तर सहयोग र सद्भाव पुऱ्याउदै सुन्दर, स्वच्छ र समृद्ध जुगल बनाउने अभियानमा साथ दिनुहुने आम नागारिक तथा जनसमुदायप्रति आभारी छु । यो नीति तथा कार्यक्रम निर्माणमा महत्वपूर्ण योगदान गर्नुहुने सम्पूर्ण जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत लगाएत सम्पूर्ण कर्मचारी मित्रहरू र प्रत्यक्ष अप्रत्यक्ष योगदान पुऱ्याउने सबै महानुभावहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

धन्यवाद ।।